"समृद्ध खाँदबारी नगर"
# खाँदबारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
खाँदबारी, संखुवासभा

कोशी प्रदेश, नेपाल ।

## खाँदबारी १ स्थित टुँडिखेलको शीत भण्डार (Cold Store) भाडामा लिने सम्बन्धी सिलबन्दी दरभाउपत्र पेस गर्ने आह्वानको सूचना ।

**(प्रथम पटक प्रकाशित मिति :- २०८३।०१।०९ गते)**

खाँदबारी नगरपालिका, नगर कार्यपालिकाको निर्णयानुसार तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को (ण) बमोजिम दरभाउपत्र कागजातमा उल्लेखित शर्त अनुसार आर्थिक वर्ष २०८३।०८४ का लागि यस नगरपालिका क्षेत्राधिकार अन्तर्गतका कृषि उत्पादन व्यवस्थापनका लागि शीत भण्डार (Cold Store) भाडामा लगाउन तपसिलको ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकाले न्यूनतम ठेक्का अङ्कमा नघट्ने गरी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना प्रकाशित गरिएको छ । थप जानकारीका लागि खाँदबारी नगरपालिका कार्यालय, खाँदबारीको सूचना पाटी, वेबसाईटः- www.khandbarimun.gov.np मा हेर्न सकिनेछ र कार्यालय समय भित्र राजस्व उपशाखामा सम्पर्क गर्न सकिनेछ ।

**तपसिलः-**

| क्र.सं. | आय ठेक्का नं. | ठेक्काको विवरण | बढाबढका लागि न्यूनतम बार्षिक ठेक्का अङ्क रु. | दरभाउपत्र फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | KMO-AM-01-2082/083 | कृषि उत्पादन व्यवस्थापनका लागि शीत भण्डार (Cold Store) भाडामा लगाउने । | ५,०००।- (अक्षरेपीः- पाँच हजार मात्र) | १,०००।- (अक्षरेपीःएक हजार) मात्र | ठेक्का सम्झौता भएको मितिबाट दामासाहीले ठेक्का अङ्क कायम हुने । |

नि. प्रमुख प्रशासकीय अधिकृत

**शर्तहरु :-**

१. स्थायी लेखा नम्वर, मूल्य अभिवृद्धि कर, कम्पनी रजिष्ट्रारको कार्यालय तथा यस कार्यालयमामा दर्ता भई नविकरण भएका फर्म, कम्पनी, संस्थाहरुले दरभाउपत्र साथ निवेदन, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी र रु. १,०००।–(अक्षरेपी एक हजार मात्रा) यस नगरपालिकाको राजस्व उपशाखामा बुझाएको नगदी रसिद संलग्न भएको हुनुपर्नेछ ।

२. दरभाउपत्र सूचना प्रकाशित भएको मितिले १५ औं दिनको ठिक ५:०० बजे भित्र खरिद गरिसक्नुपर्नेछ । सो दिन सार्वजनिक विदा परेमा सो पश्चात कार्यालय खुलेको पहिलो दिन खरिद गरी १६ औं दिनको १२:०० बजेभित्र पेस गरिसक्नुपर्नेछ र रितपूर्वक पेस भएका दरभाउपत्रहरु सोहि दिनको २:०० बजे दरभाउपत्र पेसकर्ताहरुको उपस्थितिमा खोलिनेछ । दरभाउपत्र पेसकर्ताहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन । दरभाउपत्र कुनै कारण जनाई वा नजनाई स्वीकृत वा अस्वीकृत गर्ने सर्वाधिकार नगरपालिका कार्यालयमा निहित हुनेछ ।

३. दरभाउपत्र दाखिला गर्न दरभाउपत्रदाताहरुले कबोल रकमको २.५% (दुई दशमलव पाँच प्रतिशत) ले हुन आउने धरौटी रकम नगदै वा चेक भए यस कार्यालयको नाममा खाँदबारी नगरपालिका स्थित राष्ट्रिय बाणिज्य बैङ्क लि., खाँदबारी शाखामा रहेको धरौटी खाता नम्बर २०८०१००३०३००००२ मा जम्मा गरी भौचर पेस गर्नु पर्नेछ वा नेपाल राष्ट्र बैङ्कबाट मान्यता प्राप्त वाणिज्य बैंक तथा वित्तीय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको दरभाउपत्र पेस गर्ने अन्तिम मिति देखि १२० (एक सय विस) दिन मान्य अवधि भएको बैङ्क जमानत (बिडबण्ड ) धरौटी स्वरुप पेस गर्नु पर्नेछ ।

४. दरभाउपत्र जुन फर्मको नाममा खरिद गरिएको हो, सोही फर्मको नाममा दाखिला गर्नु पर्नेछ । कबोल रकम अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

५. दरभाउपत्र स्वीकृत भएको ७ (सात) दिनभित्र सम्वन्धित ठेक्का सम्झौता गरी सक्नुपर्नेछ । ठेक्का सम्झौता गर्दा कवोल अङ्क बराबरको नगद वा चेकबाट एकमुष्ट रकम बुझाउनुपर्नेछ । ठेक्का सम्झौता अवधिका सम्बन्धमा ठेक्का सम्झौता भएको मिति देखि २०८४ साल असाढ मसान्तसम्म कायम हुनेछ । सम्झौता अवधिभर ठेकेदारले ठेक्का तोड्न पाउने छैन, विचैमा ठेकेदारले सम्झौता तोडेमा निजबाट असुल हुन बाँकी रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

६. ठेक्का सञ्चालनको सिलसिलामा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहलाई प्रचलित ऐन, नियम अनुसार बुझाउनु पर्ने अन्य कर, दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयम्ले सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ । साथै कुनै कारणवस कृषि उत्पादन व्यवस्थापनका लागि शीत भण्डार (Cold Store) भाडामा लगाउने सिलसिलामा छुट मिनाह दाबी गर्न नपाइने र सो छुट मिनाह दिन कार्यालय बाध्य हुने छैन।

७. कृषि उत्पादन व्यवस्थापनका लागि शीत भण्डार (Cold Store) मा कृषि उत्पादनका सामाग्रीहरु मात्र नियमानुसार भण्डारण गरी समयमै विक्री वितरण गर्न सकिनेछ, नामावली तथा सूची सर्वसाधारणले देख्ने गरी आफ्नै तर्फबाट अनिवार्य रुपमा राख्नु पर्नेछ ।

८. शीत भण्डार (Cold Store) मार्फत सेवा प्रवाह गर्दा सम्वन्धित स्थानीय तह र जिल्ला भित्रका कृषक एवं कृषि उद्यमी/व्यवसायीहरुलाई पहिलो प्राथमिकता दिनुपर्नेछ ।

९. शीत भण्डार (Cold Store) सञ्चालनसम्बन्धी आन्तरिक व्यवस्थापन कार्यहरु, टेलिफोन महशुल, खानेपानी, विद्युत महशुल लगायत नियमानुसार लाग्ने शुल्क, दस्तुर, कर आदी नगरपालिकाले कुनैपनि थप आर्थिक दायित्व ब्यहोर्ने छैन ।

१०. शीत भण्डार (Cold Store) मा लाभको उद्देश्य राखी आफुखुसी कुनै किसिमको संरचना परिवर्तन गर्न पाउने छैन । तर यसरी संरचना परिवर्तन गर्नु परेमा नगरकार्यपालिकाको पूर्व स्वीकृति लिएर मात्र गर्नुपर्नेछ ।

११. माथि उल्लेखित शर्तहरु बाहेक अन्यका हकमा सार्वजनिक खरिद ऐन, २०६३, नियमावली, २०६४ र नेपालको प्रचलित कानून बमोजिम हुनेछ ।

१२. यो दरभाउपत्र खाँदबारी नगरपालिकाको राजश्व उपशाखाबाट खरिद गर्न सकिनेछ ।

..................................
गुणराज खत्री
नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत